मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १४७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख १४ गते आइतवार (Sunday, April 26. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सूचना

सबै नेपालीको चाहनाः लागूऔषध उत्पादन, अवैध ओसारपसार र सेवनरहीत समाजको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# 'पीसीआर' परीक्षण झापामै गर्न माग


चिन्तन पाठक
अध्यक्ष
नेपाल कम्युनिष्ट पार्टी


उद्धव थापा
सभापति
नेपाली कांग्रेस


दिपेन वाला राई
अध्यक्ष
समाजवादी पार्टी नेपाल


अनुतसिंह राजवंशी
अध्यक्ष
राष्ट्रिय जनता पार्टी


कमल खरेल
वरिष्ठ उपाध्यक्ष
राष्ट्रिय प्रजातन्त्र पार्टी


लोकराज ढकाल
सभापति
नेपाल रेडक्रस सोसाइटी

**बिर्तामोड, वैशाख १३।** झापामा कोरोना भाइरस संक्रमणको पुष्टि भए लगत्तै जिल्लास्थित मुख्य राजनीतिक दलका प्रमुखहरुबीच शनिबार भएको भिडियो कन्फ्रेन्सबाट ९ बुँदे निष्कर्ष निकालिएको छ ।

दलका नेताहरुबीच जिल्लामा भइरहेका कामको गम्भीर समीक्षासहित कोरोनाविरुद्धको लडाइमा सामुहिक रुपमा अग्रसर हुने प्रतिवद्धता समेत व्यक्त गरिएको छ । झापामा कोरोना भाइरस परीक्षणको दायरा बढाउन र झापामै पीसीआर परीक्षणको व्यवस्थाका लागि तत्काल आवश्यक सामग्री उपलब्ध गराउन प्रदेश तथा संघीय सरकारलाई दलका नेताहरुले माग गरेका छन् ।

आईओएमको प्रयोगशाला उपयुक्त रहेकोले त्यही पीसीआर परीक्षणको उपकरण राखेर परीक्षण गर्न उपयुक्त हुने विषयमा छलफल भएको थियो । त्यस्तै सुरक्षाकर्मी र स्वास्थ्यकर्मीलाई आवश्यक स्वास्थ्य सुरक्षा सामग्री तत्काल उपलब्ध गराउन पनि उनीहरुले माग गरेका छन् ।

झापामा कोरोना भाइरस संक्रमणको पुष्टि

### झापाका दलहरूको ९ बुँदे निष्कर्ष

भइसकेकाले आम झापावासीलाई नआत्तिन र सुरक्षित ढंगले घरमा बसिदिन दलहरुको आग्रह छ । साथै कसैलाई कोरोना भाइरस संक्रमणको शंका लागेमा रोग नलुकाई तत्काल स्वास्थ्य संस्थामा जान अनुरोध गरिएको छ ।

त्यस्तै झापामा दोस्रो चरणको राहत वितरण गर्दा राहत वितरणका लागि सरकारले जारी गरेको निर्देशिका कार्यान्वयन गर्न/गराउन सबै स्थानीय तहलाई आग्रह गरिएको छ । कोरोना भाइरस संक्रमण रोकथाम, उपचार समन्वय तथा अनुगमन समिति झापालाई राहत वितरणमा एकरुपता ल्याउने मापदण्ड तयार गरी सबै स्थानीय तहलाई सोको कार्यान्वयनका लागि अनुरोधसहित पठाउन दलहरुले अपिल गरेका छन् ।

संवाद समूह झापाले गरेको भिडियो कन्फ्रेन्समा झापाका मुख्य दलहरु नेपाल कम्युनिष्ट पार्टी, नेपाली कांग्रेस, समाजवादी पार्टी नेपाल, राष्ट्रिय जनता पार्टी,राष्ट्रिय प्रजातन्त्र पार्टी झापाका प्रमुखहरु सहभागी थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

सुद्धाइँ सकिएको तीन दिनमा कोरोना पुष्टि

# दमकका ४०० माथिको स्वाव परीक्षण गरिने

**दमक, बैशाख १३।** झापाको दमक-३का ६२ वर्षीय वृद्धमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण देखिएपछि दमक नगरपालिकाले उच्च सतर्कता अपनाइएको छ ।

पालिकाले सतर्कता अपनाउन र घरमै बसिदिन नगरवासीसँग अनुरोध गरेको छ । मेयर रोमनाथ ओलीले नगरमा एक जनामा संक्रमण देखिएकाले 'कन्ट्याक्ट ट्रेसिङ' लगायतका कार्य थालिसकेको जानकारी दिए ।

एक महिना अघि यूएईबाट आएका ३४ वर्षीय छोरामार्फत कोरोना भाइरस बुबामा सरेको देखिएकाले कन्ट्याक्ट ट्रेसिङ जटिल हुने देखिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । 'घरका आमा, बुबा, छोरा र उनकी श्रीमतीलाई र्‍यापिड परीक्षण गरिएमध्ये श्रीमतीबाहेक तीनै जनालाई पोजिटिभ देखियो'- स्वास्थ्य कार्यालयका कार्यक्रम अधिकृत जीवन चौलागाँईका अनुसार पीसीआर परीक्षण आमा र छोराको नेगेटिभ आएको हो ।

धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चारै जनाको आरडीटी परीक्षण गरिएको थियो । त्यसमा बुवाको मात्र पोजेटिभ रिपोर्ट आएको छ । कोरोना संक्रमित वृद्ध डाइबेटिजका रोगी थिए । त्यसैले आमाछोरामा कोरोनाको संक्रमण तेस्रो चरणमा पुगेर निष्क्रिय भए पनि बुवामा एक्टिभ भएको हुनसक्ने चिकित्सकहरुले बताएका छन् । स्वास्थ्य कार्यालयका फोकल पर्सन चौलागाँईका अनुसार संक्रमित व्यक्तिले हिँडेको ठाउँको पहिचार गरेर विभिन्न व्यक्तिको पनि स्वाव परीक्षणका लागि धरान पठाउने तयारी भइरहेको छ । त्यसका लागि चार सय जनाभन्दा बढीको स्वाब संकलन गरिने उनले जानकारी दिए ।

यसैबीच कोरोना संक्रमण पुष्टि भएका ६२ वर्षीय वृद्धको घरमा बुधबारमात्र मरिमराउको सुद्धाइँको काम सकिएको जनाइएको छ ।

संक्रमण पुष्टि भएका वृद्धको सासूआमाको १२ दिनअघि निधन भएको थियो । आमाको निधन भएपछि संक्रमित वृद्धकी श्रीमती र दिदी सासू दमकस्थित उनको घरमा किरियामा बसेका थिए ।

दिदी सासू इटहरीको हाँसपोसाबाट दमकस्थित उनको घरमा आएर किरियामा बसेकी थिइन् । काममा बस्ने क्रममा उनको घरमा हाँसपोसाबाट दिदीसासूसहित २, दमक नगरपालिका ६, ७ र ९ नम्बर वडाबाट ४/४ जनासहित करीब ३५ जना आफन्त आएका थिए । संक्रमित पुष्टि भएका वृद्धका छोरा एक महिनाअघि दुबईबाट घर फर्किएका थिए ।

## उच्च सतर्कता

**झापा, बैशाख १३।** झापाको दमकमा शुक्रबारसाँझ एक जना पुरुषमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएपछि उच्च सतर्कता गर्न थालिएको छ ।

गत चैत ४ गते युनाइटेड अरव इरिमेट्स (दुबइ) बाट घर आएका २८ वर्षे छोरासहित एकै परिवारका तीन जनामा बिहीबार गरिएको आरडीटी परीक्षणमा तीनै जनाको एण्टीबडी पोजेटिभ देखिएको र तीमध्ये ६२ वर्षीय बुबामा भने पीसीआर परीक्षणका क्रममा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएपछि सुरक्षा सतर्कता थालिएको हो ।

सङ्क्रमण पुष्टि भएलगत्तै नगरपालिकामा शुक्रबार साँझ नै बसेको बैठकले कोभिड-१९को सङ्क्रमण देखिएको वडा आसपासका क्षेत्रमा थप कडाइ गर्ने निर्णय भएको नगरपालिकाका प्रवक्ता तथा उपप्रमुख गीता अधिकारीले बताइन् । उनका अनुसार सङ्क्रमितको घर बिहीबार बेलुकादेखि नै सिल गर्नुका साथै

(बाँकी अन्तिम पृष्ठमा)

## श्रीमान् ट्वाइलेट जाँदा श्रीमतीको हत्या !

**झापा, बैशाख १३।** डोटीको शिखर नगरपालिका-८ गोपघाटमा एक महिलाको नाटकीय रुपमा हत्या भएको छ । अन्दाजी २८ वर्षीया राजु नेपालीको धारिलो घरेलु हतियार प्रयोग गरी हत्या भएको प्रहरीले जनाएको छ ।

राजुका श्रीमान् कृष्ण नेपालीले हत्या गरेको आशंकामा प्रहरी उनलाई नियन्त्रणमा लिएको छ । मृतक राजु र उनका श्रीमानसँगै सुतिरहेको अवस्थामा उनको हत्या भएको भए पनि श्रीमान कृष्णले आफू ट्वाइलेट गएका बेला श्रीमतीको अर्कैले हत्या गरेको प्रारम्भिक बयान दिएको प्रहरीले जनाएको छ ।

उनको घाँटी र टाउकोमा गहिरो चोट लागेको छ । उपचारका लागि डडेल्धुरा अस्पतालमा लगिए पनि अस्पताल पुर्‍याएको केहीबेरमै राजुको मृत्यु भएको तिलताली प्रहरी चौकीका इञ्चार्ज सई नरेन्द्र टमटाले

(बाँकी अन्तिम पृष्ठमा)

# जेठ २ सम्म उडान बन्द, लकडाउन कडाई

**काठमाडौं, बैशाख १३।** कोरोना रोकथाम तथा नियन्त्रणसम्बन्धी उच्चस्तरीय समन्वय समितिले आन्तरिक तथा बाह्य हवाई उडानलाई आगामी जेठ २ गते (मे १५) सम्म स्थगित राख्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा शनिवार बसेको सो बैठकले उक्त निर्णय गरेको सचिव नारायणप्रसाद बिडारीले सञ्चारकर्मीलाई जानकारी दिए ।

कोभिड-१९बाट उत्पन्न परिस्थितिका कारण यसअघि सरकारले यही वैशाख १८ गते (अप्रिल ३०) सम्म आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान स्थगित गर्ने निर्णय गरेको थियो ।

कोभिड-१९को जोखिमका कारण घोषणा गरिएको बन्दाबन्दी (लकडाउन)का समयमा हालसम्म भएगरेका कामको समीक्षा गर्दै बैठकले लकडाउन सही 'ट्र्याक'मा रहेको निष्कर्ष निकालेको छ ।

समितिले लकडाउनका लागि चालिएका कदम ठीक दिशातर्फ उन्मुख रहेको निचोड रहेको बताउँदै सचिव बिडारीले लकडाउन कसरी अघि बढ्छ भन्नेबारे सरकारबाट छिट्टै निर्णय आउने जानकारी दिए । उनले भने- कोरोना नियन्त्रण र रोकथामको जोखिम हुन नदिन लकडाउन सफल रह्यो, यसकै कारणले जोखिम धेरै रोक्न सक्यौं, थोरै प्रवेश गरे पनि नियन्त्रणमै राखिएको छ, हामी सही ट्र्याकमा छौं, उदयपुरको एउटा घटनाबाहेक अन्य ठाउँमा बिरामी कम हुनुहुन्छ । कोरोना सङ्क्रमितमध्ये १० जना उपचारपछि घर फर्किसक्नुभएको छ ।

छिमेकी मुलुकमा भइरहेको सङ्क्रमणको अवस्था र अन्तर्राष्ट्रिय परिस्थितिलाई विचार गरेर मात्र लकडाउनसम्बन्धी चालिने कदमबारे निर्णयमा पुग्न उचित हुने समितिको ठहर छ । कोभिड-१९ को जोखिमपछि सरकारले घोषणा गरेको लकडाउन भएको आज एक महिना तीन दिन भएको छ ।

बैठकमा हालसम्मका लकडाउनको प्रभावकारिता, कार्यान्वयन र सफलताका विभिन्न पाटा पक्षबाट समीक्षा गर्दै यस कार्यमा महत्वपूर्ण योगदान पुर्‍याउने चिकित्सक, नर्स, सुरक्षाकर्मीलगायत सबै सरोकारवाला निकाय र अधिकारीलाई समितिले धन्यवाद ज्ञापन गरेको छ ।

समितिमा विभिन्न पाटोबाट लकडाउनको विश्लेषण भएको र मन्त्रिपरिषद्को आगामी बैठकबाट लकडाउनबारे निर्णय हुने सचिव

(बाँकी अन्तिम पृष्ठमा)




# स्वदेश फर्किन आदेश कुर्दै

पार्थ मण्डल

**भद्रपुर, बैशाख १३।** भारतीय क्वारेन्टाइन र होम क्वारेन्टाइनमा बसेका नेपालीहरू स्वदेश फर्किन सरकारको आदेश पर्खिरहेका छन् ।

कोभिड-१९ (कोरोना भाइरस) नियन्त्रण तथा रोकथामका लागि सरकारले लकडाउनसँगै नेपाल भारतको सीमा नाका अनिश्चितकालका लागि बन्द गर्ने निर्णय गरेको छ । सरकारले भारतमा रहेका नेपालीलाई त्यही राख्न र नेपालमा रहेका भारतीयलाई यहाँ राख्न भनी भारतीय सरकारसँग सहकार्य गरिसकेको छ । सरकारको सोही निर्णय बमोजिम नेपालको पूर्वी नाका काँकरभिट्टासँग जोडिएको भारतको पश्चिम बंगालको दार्जीलिङ जिल्लामा दर्जनौं नेपालीहरू भारतीय क्वारेन्टाइन तथा होम क्वारेन्टाइनमा रहेको जानकारी प्राप्त भएको छ ।

भारतमा कोरोना त्रास फैलिएसँगै अध्ययन तथा रोजगारीका लागि भारत गएका उनीहरू स्वदेश फर्किन नसक्दा भारतीय सरकारले उनीहरूलाई क्वारेन्टाइन तथा होम क्वारेन्टाइनमा राखेको छ । काँकरभिट्टा-रानीगञ्ज ( पानीट्यांकी) नाका भएर स्वदेश फर्किनेको संख्या १०४ जनाको नामावली प्राप्त भएको प्रहरी कार्यालय झापाका एसपी कृष्णप्रसाद कोइरालाले जानकारी दिए । इलाका प्रहरी कार्यालय काँकरभिट्टाका डीएसपी राजेन्द्र पोखरेलले भारतीय सुरक्षाकर्मीसँग समन्वय गरेर पश्चिम बङ्गालमा रहेका नेपालीहरूको संख्या प्राप्त गरेको हो । 'अहिलेसम्म १०४ जनाको नामावली प्राप्त भएको छ'- एसपी कोइरालाले भने- 'संख्या थपघट हुन सक्छ, उनीहरू अहिले भारतमै सुरक्षित रहेको बुझेको छु ।




### पश्चिम बंगालमा रहेका नेपालीको पीडा

विदेश फर्किनेहरूको संख्या झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरलाई जानकारी गराइसकेका छौं, उनीहरूलाई स्वदेश फर्काउने जिल्ला तहबाट नहुने भएपछि सरकारकै निर्णय र आदेश हामी पर्खिरहेका छौं- उनले भने । पश्चिम बङ्गालमा झापासहित इलाम, उदयपुर, कालिकोट, दैलेख, सुर्खेत, गोरखा, बाजुरा, डोटी, बाँके, कञ्चनपुर लगायत विभिन्न जिल्लाका नेपालीहरू रहेका छन् । उनीहरूलाई त्यहाँका सरकारले हात्तीगिछा, बतासी, नक्सलबाडी, पानीट्यांकी, बागडोग्रा लगायतका क्वारेन्टाइन तथा होम क्वारेन्टाइनमा राखिएको छ ।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## अंशुले जितिन् कोरोना



कोरोना भाइरसबाट संक्रमित बागलुङ नगरपालिका-४की १९ वर्षीया अंशु सापकोटा निको भएर अस्पतालबाट घर फर्कंदै । २८ दिन अस्पतालमा उपचारपछि उनी अस्पतालमुक्त 'डिस्चार्ज' भएकी छिन् ।

बेल्जियमबाट दोहा हुँदै कतार एयरको क्यूआर ६५२मा गत चैत ४ गते नेपाल आएकी सापकोटालाई गत चैत १५ गते कोराना भाइरस संक्रमणको पुष्टि भएको थियो । **तस्वीरः रामबहादुर थापा, रासस**

# बेलायतमा खोटाङकी युवतीको मृत्यु, १२ जना संक्रमित

**खोटाङ, बैशाख १३।** कोरोना भाइरसको सङ्क्रमणबाट बेलायतमा खोटाङकी एक युवतीको मृत्यु भएको छ ।

ऐसेलुखर्क गाउँपालिका-१ राखाबाङ्देल पुर्ख्यौली घर भई हाल धरान आदर्श विकास टोलमा बस्दै आएकी ३२ वर्षीय बिमा नाछिरिङ राईको बेलायतमा मृत्यु भएको हो ।

मृगौलासम्बन्धी समस्याबाट पीडित बिमालाई कोरोनाको सङ्क्रमण भएको पुष्टि भएपछि बेलायतस्थित जर्ज इलियट अस्पतालमा भर्ना गरेर उपचार गर्ने क्रममा मृत्यु भएको समाजसेवी एवम् ब्रिटिस गोर्खा भेट्रान एशोसिएशनका महासचिव भीम सारुले बताए । अहिलेसम्म अविवाहित रहेकी बिमाको मङ्गलबार मृत्यु भएको हो ।

उनी पूर्व गोरखा सैनिक बाबुसँगै बस्न गत वर्ष बेलायत पुगेकी थिइन् । बुबा, आमा र बहिनीका साथमा बेलायतस्थित नटिङ्घम बस्दै आएकी बिमाको कोरोना भाइरसको सङ्क्रमणबाट मृत्युको विषयमा किराँत रदु नाछिरिङ साखाम केन्द्र केन्द्रीय समिति नेपालले आफ्नो फेसबुक पेजमार्फत दुःख व्यक्त गरेको छ ।

यसैबीच बेलायतमा बस्दै आएका १२ खोटाङ्गेलाई कोरोना सङ्क्रमण भएको खोटाङ सेवा समाज युकेले जनाएको छ । समाजले अप्रिल २१ मा जारी गरेको अपिलमा फल्कस्टोनमा एक, बेजिङस्टकमा छ, आशफोर्डमा तीन तथा क्याट्रिक र ओकिङमा एक/एक जना खोटाङ्गे सङ्क्रमित भएको उल्लेख छ । उनीहरुको अहिले बेलायतस्थित विभिन्न अस्पतालमा उपचार भइरहेको जनाइएको छ । बेलायतमा उपचाररत् सङ्क्रमित सबैको अवस्था अहिलेसम्म सामान्य रहेको खोटाङ सेवा समाज युकेले जनाएको छ ।

यता १० स्थानीय तह रहेको खोटाङ जिल्लामा अहिलेसम्म कोरोना सङ्क्रमित भेटिएका छैनन् । छिमेकी जिल्ला उदयपुरमा एकैदिन १२ सङ्क्रमित भेटिएलगत्तै खोटाङ प्रवेश गर्ने सम्पूर्ण नाका हप्ता दिनका लागि बन्द गरिएको छ । कोरोना भाइरस रोकथाम तथा नियन्त्रण जिल्ला समन्वय समिति खोटाङले जिल्ला प्रवेश गर्ने सम्पूर्ण नाका हप्ता दिनका लागि बन्द गर्ने घोषणा गरे पनि बाहिरी जिल्लाबाट प्रवेश गर्नेको संख्या रोकिएको छैन । लकडाउनका कारण यातायात सञ्चालन नभएपछि रोकिएर बसेका स्थानीय बासिन्दा समस्यामा परेको गुनासो आउन थालेसँगै स्थानीय तहले उद्धार शुरु गरेको छ ।

## प्रदेश नं. १मा कोरोना संक्रमित २९ जना




**विराटनगर, बैशाख १३।** प्रदेश नं. १मा २९ जना कोरोना भाइरसबाट सङ्क्रमित भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतमा रहेका सूचना डेस्कका अनुसार प्रदेशमा पीसीआर विधिबाट शुक्रबारसम्म जम्मा ९०६ जनाको नमूना सङ्कलन भई परीक्षणका लागि पठाइएको छ । तीमध्ये दुई सय ४३ महिला र छ सय ६३ पुरुष छन् । उनीहरुमध्ये ८७ महिला र चार सय ९६ पुरुषको रिर्पोट नेगेटिभ आएको छ । द्रूत परीक्षण विधि (आरडिटी) बाट जम्मा चार हजार एक सय ६० जनाको नमूना परीक्षण गरिएको छ । परीक्षण गरिएकामा छ सय ७६ महिला र तीन हजार आठ सय ८४ पुरुष छन् ।

यता प्रदेश सरकारले निर्माण गरेका क्वारेन्टाइनस्थलमा बस्नेको संख्या एक हजार एक सय ६३ पुगेको छ । ४३ जना डिस्चार्ज भएको र आइसोलेसनमा स्वास्थ्यकर्मीको निगरानीमा ३० छन् । होम क्वारेन्टाइनमा नौ सय ३ महिला र चार हजार चार सय ८४ पुरुष गरी कूल पाँच हजार तीन सय ८७ बसिरहेका छन् ।

## होम क्वारेन्टाइनबाट बन्यो फिल्म 'लकडाउन'



विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरसको संक्रमणबाट जोगिन र समुदायलाई जोगाउन अहिले नेपालमा प्रत्येक नागरिकहरु सुरक्षित रुपमा घरमा नै रहेका छन् । नेपालका कलाकारहरु पनि घरभित्रै रहेका छन् ।

फिल्म तथा संगीत क्षेत्र अहिले ठप्प छ तर पनि कलाकारहरुका गतिविधि भने होम क्वारेन्टाइनबाट नै चलिरहेका छन् । कसैले पीडितलाई राहत दिइरहेका छन् भने कोहीले घरमै बसेर गर्न सकिने काम गरिरहेका छन् । लकडाउनले कलाकारहरुबीच नयाँ-नयाँ कन्सेप्टको विकास पनि भइरहेको छ । त्यसको एक उदाहरण हो, आ-आफ्नै घरबाट फिल्ममा अभिनय गर्नु ।

अभिनेता सन्दीप क्षेत्रीले यही प्रयोग गर्दै 'लकडाउन' नामक सर्ट फिल्म तयार पारेका छन् । सन्दीप आफैले लेखेको कथामा बरिष्ठ कलाकारहरु मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, दीपक राज गिरी, दीपाश्री निरौला, किरण केसी, निर्मल शर्मा, सञ्जय श्रेष्ठ र सन्दीप क्षेत्रीको अभिनय रहेको छ । फिल्ममा लकडाउनको बेला घर बाहिर निस्कन मन लागेको एक युवाको कथा समेटिएको छ ।

## अजिंगरको उद्धार



**भद्रपुर, बैशाख १३।** सिकारीले घाइते बनाएका १२ फिटको अजिङ्गरको उद्धार गरिएको छ ।

जलथल वन क्षेत्र अन्तर्गत बाह्रदशी गाउँपालिका-१ सादुपर्ती सामुदायिक वनमा घाइते अवस्था भेटिएको अजिङ्गरको शनिवार बिहान उद्धार गरिएको डिभिजन वन कार्यालय झापाका प्रमुख विष्णुलाल घिमिरेले जानकारी दिए । १२ फिट, अन्दाजी ४५ केजी तौल भएको कालो बुट्टे अजिङ्गरको टाउकोमा चोट लागेको अवस्थामा भेटिएको उनले बताए । स्थानीयले खबर गरेपछि वन कर्मचारीको टोली पुगेर अजिङ्गरको उद्धार गरेको हो- उनले भने- वन जंगलमा सिकार खेल्न जाने सिकारीले अजिङ्गरको टाउकोमा भाला प्रहार गरेको देखिएको छ । घाइते अजिङ्गरलाई पशु सेवा अस्पताल भद्रपुरमा उपचार गराइएको र सुरक्षाका लागि डिभिजन वन कार्यालयमा राखिएको छ । उपचार पश्चात् पुनः जलथल जङ्गलमा लगेर छाडिदिने उनले बताए ।

## फेसबुकमा भिडियो कल सम्बन्धी नयाँ सेवा



**झापा, बैशाख ३।** विश्वभरी नै सर्वाधिक लोकप्रिय सामाजिक सञ्जाल फेसबुकले भिडियो कल सम्वन्धी नयाँ सेवा शुरु गर्न लागेको छ ।

अहिले भइरहेको भिडियो कल सम्वन्धी सेवाभन्दा केही थप र फरक विशेषतासहितको सेवा फेसबुकले शुरु गर्न लागेको हो । म्यासेन्जर रुम नाम दिइएको सो नयाँ सेवामा एकैपटकमा ५० भन्दा बढीले कुराकानी गर्न मिल्ने व्यवस्था गरिएको छ । सामुहिक भिडियो कुराकानी गर्न सकिने र बैठक, कार्यक्रम तथा अन्तरक्रियाहरु गर्न सकिने गरी म्यासेन्जर रुम बनाइएको छ ।

म्यासेन्जर रुम भिडियो कुराकानीका लागि कुनै समय सीमा तोकिएको छैन । असीमित समयसम्म कुराकानी गर्न सकिने व्यवस्था गरिएको छ । सामुहिक भिडियो कुराकानीका लागि कुनै एउटा व्यक्तिले फेसबुकमा म्यासेन्जर रुम बनाएर कुनै पनि व्यक्तिलाई कुराकानीका लागि निमन्त्रणा गर्न सक्दछ । निमन्त्रणा गर्दा फेसबुक आइडी नभएको व्यक्तिलाई पनि गर्न सकिने गराइएको छ ।

भिडियो कुराकानीमा निमन्त्रणा गरेको व्यक्तिले को-को भिडियो कुराकानीमा सहभागी भएका छन् भन्ने थाहा पाउने र चाहेको व्यक्तिलाई हटाउन पनि मिल्ने गराइएको छ ।

फेसबुकको दायाँ साइडबाट भित्र छिरेपछि यस्तो सेवा शुरु गर्न सकिने व्यवस्था गरिएको छ । भिडियो कुराकानीमा सुरक्षा र गोपनीयताको पूर्ण सुनिश्चितता गरिएको पनि फेसबुकले दाबी गरेको छ ।

फेसबुकको यो नयाँ सेवा 'म्यासेन्जर रुम' केही देशमा प्रयोग गर्न सकिने गरी यसै हप्ता खुल्ला गरिने छ भने अन्य देशका लागि विस्तारै खुल्ला गर्ने तयारी गरिएको फेसबुकले जनाएको छ ।

# घरमै रहेर रमजान

**झापा, बैशाख १३।** इस्लाम धर्मावलम्बीले सामाजिक दूरी कायम गर्दै घर घरमै रही एक महिने कठोर रमजान व्रत शुरु गरेका छन् ।

इस्लामिक पात्रो अनुसार नवौं महिनामा रमजान व्रत गर्ने विधि रहेको घण्टाघरस्थित नेपाली जामे मस्जिदका अध्यक्ष अब्दुल समिमले जानकारी दिए । एक महिनाभर मुस्लिम समुदायले बिहान सूर्योदय हुनुअघिदेखि सूर्यास्त नभएसम्म पानीसमेत खाँदैनन् ।

व्रतका बेला मुस्लिम समुदायले मस्जिदमा गई कुरानको केही भागका रुपमा नमाज पढ्ने गरेकामा यस वर्ष कोरोना भाइरसको जोखिम हुन नदिन जारी बन्दाबन्दीले घरमै बसेर व्रतलगायत नमाज पढ्ने विधि गरिरहेका छन् । एक महिनापछि व्रत समापनका अवसरमा पनि सामाजिक दूरी कायम गरेर इदुल फित्र मनाइने तयारी भइरहेको अध्यक्ष समिमले जानकारी दिए । शुक्रबार मुस्लिम आयोगले घर-घरमै रमजान पर्व मनाउन आह्वान गरेको थियो ।

देशभरका मुस्लिम समुदायले भक्तिको महिनाका रुपमा मनाउने भएकाले यसबाट पाप नाश हुने धार्मिक विश्वास रहेको छ । वर्षमा कुनै त्रुटी भएको भए यसै अवसरमा अल्लाहसँग क्षमायाचना गर्ने मुस्लिम समुदायको परम्परा छ ।

रमजान व्रतपछि आउने इदुल फित्र मुस्लिम धर्मावलम्बीको पहिलो चाड हो । जुन पर्व २९औं दिनमा चन्द्रमा देखिए त्यसको भोलिपल्ट मनाइन्छ । नदेखिए ३०औं दिन मनाइने अध्यक्ष समिमले बताए । इस्लामिक पात्रो अनुसार ३१औं दिन नहुने जनाइएको छ

# कोरोना कोषमा दुई अर्ब १३ करोड, प्रदेश १मा २८ करोड ७८ लाख

**काठमाडौं, बैशाख १३।** सरकारले स्थापना गरेको कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रु. दुई अर्ब १३ करोड १० लाख ९१ हजार सात सय ४७ जम्मा भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार शुक्रबार अपरान्हसम्म उक्त परिमाणमा सहयोग रकम जम्मा भएको हो ।

सरकारी संघ-संस्था वा निकायबाट सहयोग आउने क्रम जारी छ । प्राप्त विवरण अनुसार अम्बे स्टिलले रु. २५ लाख, सगरमाथा इन्स्योन्स कम्पनीले रु. १६ लाख, नेपाल इँटा उद्योग महासंघले रु. पाँच लाख कोषमा जम्मा गरेका छन् । यस्तै नेपाल निजामती कर्मचारी सङ्गठन, अर्थ विभागीय कार्यसमितिले रु. दुई लाख एक हजार एक सय ११, क्षेत्रीय कृषि अनुसन्धान केन्द्रले रु. एक लाख ६८ हजार चार सय ५३, डिभिजन वन कार्यालय सल्यानले रु. एक लाख ६२ हजार पाँच सय ५, चामुन्द्रा विन्दासैनी नगरपालिकाले रु. एक लाख ५८ हजार एक सय ३३ जम्मा गरेको छ भने र भीमप्रसाद भट्टराईले रु. एक लाख ३१ हजार एक सय ३१ रकम कोषमा जम्मा गरेका छन् ।

नाम नखुलेका तथा रु. एक लाखभन्दा कम सहयोग गर्ने विभिन्न व्यक्ति तथा संस्थाको रु. ४६ लाख ५९ हजार दुई सय ८३ रकम जम्मा भएको प्रवक्ता पौडेलले जानकारी दिए। सरकारले गत चैत १० गतेदेखि राष्ट्रिय वाणिज्य बैंकको सिंहदरबार शाखामा उपचार कोष खाता सञ्चालनमा ल्याएको हो ।

**बिराटनगर, बैशाख १३।** प्रदेश नं. १ सरकारले कारोना रोकथाम, नियन्त्रण र उपचारका लागि स्थापना गरेको कोरोना जनसुरक्षा कोषमा हालसम्म कूल रु. २८ करोड ७८ लाख ८६ हजार जम्मा भएको मुख्यमन्त्री शेरधन राईका प्रेस सल्लाहकार ध्रुव सुवेदीले जानकारी दिए ।

कोषमा प्रदेश सरकारले पहिलो चरणमा रु. १० करोड र दोस्रो चरणमा रु. १५ करोड जम्मा गरेको कोषमा विभिन्न संघ-संस्था, वित्तीय क्षेत्र, उद्योगी, व्यवसायी, कर्मचारीलगायतले रकम जम्मा गर्ने क्रम जारी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव मुकुन्दप्रसाद निरौलाले जानकारी दिए ।

कोषबाट कोरोना रोकथाम, नियन्त्रण र उपचारका लागि रु. १२ करोड छ लाख खर्च भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका लेखा अधिकृत योग्यप्रसाद राईले जानकारी दिए ।

राष्ट्रिय वाणिज्य बैंक विराटनगर शाखाको कोरोना जनसुरक्षा कोष खाता नं. २१२०००५८८१०१ मा जम्मा गर्न तथा फोन पेबाट पनि रकम जम्मा गर्न सकिने व्यवस्था मिलाइएको मुख्यमन्त्री कार्यालयले जनाएको छ ।

### पीसीआर ...

सडक मानव (मानसिक सन्तुलन गुमाएका तथा असहाय जो सडकमै रातदिन बिताउँछन्) को तत्काल उचित व्यवस्थापनका लागि स्थानीय तथा प्रदेश सरकारलाई दलहरुले आग्रह गरेका छन्। उनीहरुलाई खाना, आवास तथा स्वास्थ्यसेवाको प्रबन्ध गर्न माग गरिएको छ ।

बजारमा अहिले उपभोग्यवस्तुको मूल्यबृद्धि तथा कृत्रिम अभाव देखिएको अवस्थालाई मध्यनजर गरी बजार अनुगमनका लागि स्थानीय सरकार तथा सरोकारवालालाई दलका नेताहरुले सुझाव दिएका छन् । साथै भारतसँगका सीमावर्ती नाका, राहत वितरण र धार्मिकस्थलहरु (मस्जिद, गुम्बा, चर्च, मठमन्दिर)को तत्काल अनुगमनका लागि प्रतिबद्ध रहँदै समन्वयका लागि जिल्लास्तरीय सरकारवालाको ध्यानाकर्षण गराइएको छ ।

रमजान पर्वको अवसरमा समस्त इस्लाम धर्मावलम्बी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा मुख्य दलहरुको तर्फबाट शुभकामना व्यक्त गर्दै यो विषम् परिस्थितिमा घरमै बसेर चाडपर्व मनाइदिन अपिल गरिएको छ। साथै सामाजिक सद्भाव, मेलमिलाप र एकतालाई ध्यान दिन सबै समुदायका नागरिकमा अपिल पनि गरिएको छ ।

त्यस्तै कृषकका मुख्य समस्याहरु तत्काल समाधानका लागि सरकार तथा सबै सरोकारवालाको ध्यानाकर्षण गराउँदै समस्या समाधानमा राजनीतिक दलहरुको तर्फबाट पूर्ण साथ सहयोग रहने प्रतिबद्धता व्यक्त गरिएको छ ।

कोरोना भाइरस रोकथाम, उपचार, राहत लगायतका कार्यमा एकरुपता र प्रभावकारिता ल्याउन झापाका सबै पालिकाको संयुक्त बैठकबाट कार्ययोजना बनाइ अघि बढ्न दलका नेताहरुले आग्रह गरेका छन् ।

त्यसैगरी काठमाडौंमा रहेका तर घर फर्कन चाहने झापावासीलाई आवश्यक स्वास्थ्य सुरक्षा सतर्कतासहित सहज रुपमा फर्कने वातावरण र आवश्यक व्यवस्थापनका लागि जिल्लास्थित सबै पालिकालाई दलहरुले आग्रह गरेका छन् । साथै झापामा अलपत्र परेका विभिन्न जिल्लाका वासिन्दालाई समेत आ-आफ्नो घर फर्कने कार्यको व्यवस्थापन गर्न पनि आग्रह गरिएको छ ।

भिडियो कन्फ्रेन्समा नेपाल कम्युनिष्ट पार्टी झापा, अध्यक्ष चिन्तन पाठक, नेपाली कांग्रेस झापा सभापति उद्धव थापा, समाजवादी पार्टी नेपाल झापा अध्यक्ष दिपेन वाला राई, राष्ट्रिय जनता पार्टी झापा अध्यक्ष अनुतसिंह राजवंशी, राष्ट्रिय प्रजातन्त्र पार्टी झापा वरिष्ठ उपाध्यक्ष कमलप्रसाद खरेलले आफ्नो धारणा,सुझाव र प्रतिवद्धता राखेका थिए ।

नेपाल रेडक्रस सोसाइटी झापा सभापति लोकराज ढकालले विषय प्रवेशसहित जिल्लाको अवस्था र अब गर्नुपर्ने कार्यबारे सुझाव पेश गरेका थिए ।

### जेठ २ ...

बिडारीले जानकारी दिए । समिति लकडाउनको पाटोमा अझै समीक्षा र विचार गरेर आवश्यकतानुरुप निर्णय गर्दै अघि बढ्ने छ । उपचारका क्रममा ट्रेस, ट्र्याकिङ र ट्रिट्मेन्ट गर्नेलगायत विषयलाई अझै प्रभावकारी तुल्याउने भन्ने भएको छ- उनले भने । सबै प्रदेशमा अहिले औषधि र औषधिजन्य सामग्रीको आपूर्ति उपलब्धता सहज अवस्थामा रहेकाले कुनै पनि अभाव नरहेको र आवश्यकतानुरुप सामग्री पुऱ्याउन सक्ने अवस्थामा भएको समितिको बुझाइ छ ।

### उच्च ...

त्यस घर नजिकैको भुटानी शरणार्थी शिविरसमेत शिल गरिएको छ ।

बिहीबार दमक-३का एकै परिवारका तीन जनामा गरिएको र्‍यापिड टेष्टमा एण्टीबडी पोजेटिभ देखिएपछि सुनसरीको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको पीसीआर परीक्षणका क्रममा एक जनामा कोरोना सङ्क्रमण देखिएको थियो । दमक अस्पतालको आइसोलेसनमा ती सङ्क्रमितसहित सात जना राखिएको र उनीहरुको अवस्था सामान्य रहेको छ ।

शुक्रबारसम्ममा दमकका विभिन्न तीन क्वारेन्टाइनमा ४१ जना रहेका छन् । दमक-४स्थित मानसरोवरमा २१, दाहाल प्रतिष्ठानमा छ र जामे मस्जिदको क्वारेन्टाइनमा १४ जना रहेका छन् । उनीहरु सबैको स्वास्थ्य अवस्था सामान्य रहेको छ ।

### श्रीमान् ...

जानकारी दिएका छन् । डडेल्धुरा अस्पतालमै पोष्टमार्टम गरेर शव घरमा ल्याएको भए पनि मृतकका माइती पक्षले शव उठाउन दिएका छैनन् ।

घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इन्स्पेक्टर कर्णबहादुर बोहराले बताएका छन् ।

हत्या आशंकामा महिलाका श्रीमानलाई नियन्त्रणमा लिइएको भए पनि जाहेरी आई नसकेको प्रहरीको भनाइ छ ।

हत्याबारे अनुसन्धान भइरहेका कारण कसले हत्या गरेको हो अहिले भन्न नसकिने बोहराले बताए । मृतकका दुई छोरा र एक छोरी छन् ।

**सस्तोमा घडेरी विक्री**

झापाको बिर्तामोड-१, देवी पञ्चकन्या प्लटिङको उत्तरमा एक कठ्ठा आकर्षक घडेरी सस्तो मूल्यमा विक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तत्काल सोझै सम्पर्क गर्नुहोला । मूल्य रु.४७ लाख मात्र ।
**सम्पर्कः ९८२३७२६९७९**

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।
नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा
**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## अपरिपक्व निर्णयले हानी गर्छ

आफ्नै दलको सचिवालयका छ जना सदस्यसमेत सरकारद्वारा ल्याइएको अध्यादेशबिरूद्ध गएपछि गत सोमवार जारी अध्यादेश फिर्ता भएको छ। सरकारले संसदीय दल वा केन्द्रीय समितिमा ४० प्रतिशत संख्या पुऱ्याउन सक्नेले पार्टी विभाजन गर्न सक्ने व्यवस्था सहितको राजनीतिक दल सम्बन्धी अध्यादेश र विपक्षी विना संवैधानिक निकायहरूमा नियुक्ति गर्ने व्यवस्थाका लागि दुई अध्यादेश जारी गरेको थियो। उक्त अध्यादेशको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस लगायतका सबै विपक्षी दलहरूले विरोधसहित तत्काल फिर्ता गर्न दबाब दिएका थिए। सो अध्यादेशका कारण चर्को आलोचना व्यहोरेको सरकारले दवाव झेल्न नसकेपछि फिर्ता लिन बाध्य हुनु पऱ्यो। यसले सरकार पार्टीभित्र पनि छलफल नै नगरी निर्णय गर्ने, अपरिपक्व छ भन्ने प्रमाणित गरेको छ। सरकारले गत सोमवार राजनीतिक दल र संबैधानिक परिषद् सम्बन्धी दुई अध्यादेश जारी गरेको थियो।

प्रधानमन्त्री खड्गप्रसाद ओली आफैंले प्रस्ताव गरेको सो विधेयक सर्वसम्मत नहुँदा समेत तत्काल स्वीकृतिका लागि राष्ट्रपति समक्ष प्रस्तुत गरिएको थियो। सत्तारूढ दलभित्रकै प्रभावशाली नेताहरू नै अध्यादेशबिरूद्ध बहस र छलफलमा जुटेका थिए भने प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले बिरोधसहित दवावमूलक कार्यक्रम गर्ने चेतावनी दिएको थियो। मुलुक महामारीको त्रासमा छ। लकडाउनका कारण जनताको दैनिकी कष्टकर बन्दै गएको छ। कोरोना संक्रमितको संख्या दिनहुँ बढ्ने क्रममा छ। परीक्षण उपकरण यथेष्ट नहुँदा रोग पहिचान ठीक ढंगले भइरहेको छैन। परीक्षण सामग्रीको गुणस्तरीयतामा आशंका यथावत छ। यस्तोमा प्रधानमन्त्री अध्यादेशको बाजामा रमाउनु कुनै अर्थमा पनि देश र जनताको पक्षमा हुँदैन।

प्रजातान्त्रिक व्यवस्थामा सरकार जहिल्यै जनताको पक्षमा हुन्छ। महामारीको त्रासमा रहेका जनतालाई राहत दिन, उनीहरूको मनोबल मर्न नदिन र सँगै रहेको अनुभूति दिलाउनु सरकारको कर्तव्य हुनुपर्छ। जनताको दैनन्दिनी असहज नहोस्, अत्यावश्यकीय वस्तु र सेवाको कमी नहोस्, कालोबजारी र नाफाखोरीबाट जोगिउन् यो सरकारको प्राथमिकतामा रहनु पर्थ्यो। तर, सरकार दल टुक्र्याउन, संबैधानिक अंगहरू आफू अनुकूल बनाएर निरंकुशतातर्फ उन्मुख हुन लाग्यो जुन उसकै लागि प्रत्युत्पादक बनिन पुग्यो। यसले एकातिर सरकार अदूरदर्शी रहेको सन्देश प्रवाहित भएको छ भने अर्कातिर जनताप्रति उत्तरदायी छैन भन्ने देखाएको छ।

हुन त वर्तमान सरकार विगतका निर्णयहरूबाटै विवादमा फसेकै हो, आलोचित भएकै हो। सरकार गुठी विधेयक, सञ्चार तथा मिडिया काउन्सिल विधेयक, मानवअधिकार सम्बन्धी विधेयकहरू चर्को बिरोधपछि फिर्ता गर्न बाध्य भएको थियो। त्यस्तै नीलकण्ठ उप्रेतीलाई भारतका लागि राजदूत बनाउने होस् वा बिम्स्टेक राष्ट्रहरूको संयुक्त सैन्य तालिम दिने निर्णय गरेर चर्को आलोचना र दवावपछि फिर्ता गर्न बाध्य हुनुले सरकार अपरिपक्व छ भन्ने सिद्ध भएको हो। यही विवादकाबीच सत्तारूढ दलका नेताहरू र सेवा निवृत्त प्रहरी महानिरीक्षकमाथि संघीय समाजवादी दलका नेता तथा सांसदलाई अपहरण गरेको आरोप लागेको छ। एकपछि अर्को विवादास्पद निर्णय गर्दै आलोचित हुँदै आएको सरकार र सरकार प्रमुखले यी सबैको जिम्मेवारी लिएर नैतिकता प्रमाणित गर्नु पर्छ। अन्यथा अहिलेसम्मका अनियमितता र भ्रष्टाचारको आरोपले उन्मुक्ति पाउने छैन।

# कोरोना: राहतमा राजनीति नगरौं


रविकिरण वान्तवा

यति बेला कोरोना भाइरसले विश्व संसारमा महामारीको रुपमा आफ्नो प्रभुत्व जमाइ रहेको बेला यसबाट बच्न मेरो देशका प्रधानमन्त्रीले पनि आफ्ना नागरिकलाई घरैमा बस्न आग्रह गर्दै देशमा लकडाउनको घोषणा गरेका छन्।

८ दिनको लकडाउन लम्बिएर चैत्र २५ गते हुँदै बैशाख ३ गतेसम्म २३औं दिनको यात्रा तय गरेर अब बैशाख १५सम्म पुगेको छ। यतिबेला देश नै ठप्प भएको अवस्था छ, लकडाउनको पालना गराउन चोक-चोक र ठाउँ-ठाउँमा प्रहरी परिचालन गरिएको छ।

लकडाउनको नियम विपरीत सर्वसाधारण सडक छेउछाउ वा घर बाहिर देखिए प्रहरीले लाठी हान्दै नियमपालना गर्न निर्देशन दिइरहेको भिडियोहरु लकडाउन भएको भोलिपल्ट देखि नै सामाजिक सञ्जालहरुमा छ्यापछ्याप्ती देखिन थाल्यो।

देशमा लागू भएको लकडाउनको सूचना थाहा नपाएर हो या अटेर गरेर बाहिर निस्किएकाहरुलाई लाठी चार्ज गर्नु स्वभाविक नै थियो। किनकि आफ्नो ज्यानलाई कोरोना भाइरसको संक्रमणमा पर्न सक्ने जोखिमलाई चुनौति दिँदै देशको नागरिकलाई बचाउन जस्तोसुकै हदसम्म जान सक्ने प्रहरीको कडा चेतावनी थियो त्यो। तर, त्यही प्रहरी प्रशासनले सामाजिक सेवाको नाममा फेसबुक र ट्वीटरमा अपलोड गरेर छ सात थान मास्क र साबुन बाँड्न भीड जम्मा पारी फोटो खिच्नेहरुलाई भने केही गर्न सकेको छैन। आखिर तिनीहरुले पनि त लकडाउनको नियम त तोडेकै थिए नि होइन र?

दशबर्षे जनयुद्ध होस् वा संघीयताको नामाकरणको माग गर्दै त्यसबेलाका तत्कालीन सरकारबिरुद्ध बिभिन्न पार्टी र संघ-संस्थाहरुले बिरोधका नाममा गरेका बन्दहरु भोग्दै आएका नेपाली जनताहरु यतिबेला कोरोना भाइरसको महामारीबाट बच्न सरकारले जारी गरेको बन्द अर्थात् लकडाउनको अनुभवहरुलाई संग्रहित गरिरहेका छन्। ज्यान बचाउन घरबाट बाहिर निस्कन र अरु बाहिरबाट आएका मानिसहरुलाई घरभित्र प्रवेश निषेध गर्न आग्रह गर्दै नेपाल सरकारले जारी गरेको लकडाउनमा देशका सबै प्रवेशद्वारहरु बन्द भइसकेको छ। देश र देशको नागरिकलाई बचाउन गरिएको लकडाउनले कोरोना संक्रमणको माहामारीबाट बचाउन सफल होला नहोला नतिजा भोलिको दिनले देखाउला।

देश लकसहित नागरिकलाई पनि घरभित्रै लक हुन आग्रह गर्दै जारी गरेको यो लकडाउनमा कति सर्वसाधारण नागरिक समस्यमा परेका छन्। उनीहरुको समस्या नै नबुझी लाठी बर्साउनु न्याय गरे जस्तो लाग्दैन। सरकारको घरभित्रै बस्ने आग्रह पालन गर्न त पहिला अप्ठ्यारोमा परेका ती नागरिकहरुलाई घर र कोठासम्म पुग्ने वातावरणको सिर्जना गर्नुपर्ने हो अनि घर नै नहुनेहरुले कसरी सरकारले जारी गरेको नियमको पालना गरुन्? रोजीरोटीको लागि आफ्नो जन्मथलो छोडेर देशका विभिन्न भू-भागमा पुगेका कामदारहरुलाई ठेकेदार र मालिकले तलब नै नदिइ बेसहारा पारेको खबरहरु आइरहँदा ती नै मजदुरहरुलाई स्थानीय सरकारले पनि बेवस्ता गरिदिदा बाँच्ने आशा बोकेर फाटेको चप्पल र एकमुठी चिउराको भरमा लकडाउनको नियमलाई तोडेर आफ्नै घर फर्किरहेका यात्रुहरु १०-१२ दिनको लगातारको यात्रा गरिसक्दा पनि त्यति नै दुरी बाँकी छ भन्छन्- यात्रा टुंगिन जति उ हिँडिसकेको छ।

गरीब र निमुखाका लागि आएको राहतमा राजनीति करण भइदिँदा कति ठाउँमा बितरण मै समस्या आइरहेको छ भने भ्रष्टाचारी मानसिकता भएकाहरुले धन आर्जन गर्ने अवसरको रुपमा लिइदिँदा समस्या जटिल बन्दै गइरहेको छ। पत्रकारको बिल्ला भिरेर सीमित अवसारको आशामा स्थानीय तहका अधिकारकर्मीहरुको वरिपरि घुम्नेले उनीहरुको समाचार बढाइचढाई लेखिरहँदा छाप्रा र डेरामा बसेका मजदुरहरुको भोको पेटको पीडालाई ओझेलमा पारिदिएको छ। कोरोनाको डरभन्दा भोकै भएर मर्ने डरले बाँच्ने आशा लिएर अन्नको खोजीमा निस्कँदा प्रहरीको कारबाहीले पनि थप समस्यमा पारिदिएको छ। समाजमा धनी भनिएका सम्भ्रान्त परिवारसँग चामल पिठो जगेडा होला वा महंगी नै भए पनि किनेर खाना सक्ने आर्थिक हैसियत होला तर ती गरीब श्रमिकहरुलाई त फाँसीको फन्दा नै बनेर आइदिएको छ कोरोना।

कोरोनाले कसैलाई विभेद नगरे पनि सामाजिक र आर्थिक हैसियतको बलमा बिपन्न परिवारको लागि आएको राहतमा स्थानीय तहमा रहेका प्रतिष्ठित महानुभावहरुको विभेदपूर्ण बितरणले बिद्रोहको विजारोपण हुनसक्ने संकेतहरु पनि सामाजिक सञ्जालहरुमा हेर्न सकिन्छ। कुनै समय थियो जाति र आर्थिक विभेदले जन्माएको राजनितिमा निरंकुशताको रोगन लगाउँदै १७ हजारभन्दा धेरै मानिसले ज्यान गुमाए भने दशवर्षे जनआन्दोलनमा केही व्यक्ति शहादत प्राप्त गरे भने सयौं घाइते भएका थिए। अब कोरोनाले सिर्जना गराएको बिपद्मा राहतको नाममा राजनीति र भ्रष्टाचारसहित वितरणमा विभेद गरिन्छ भने पक्कै पनि ति विपन्न र गरीब जनता भोको पेटको आक्रोशमा कोरोना रुपी मिसाइल लिएर खाना अनि समानताको युद्धमा उत्रिन बेर छैन।




कोरोनासंगको लडाइमा आफनो देशको नागरिक बचाउन अगाडि उभिने सुरक्षाकर्मी र स्वस्थ्यकर्मीप्रति राज्यको त्यति ध्यान गएको देखिँदैन। राज्यको सुरक्षा गर्ने र रोगीलाई बचाउने लडाकुहरु नै कोरोनाको पहिलो आक्रमणबाट घाइते भएमा सम्झनुहोस् त, देशको हालत। सरकार! बाटोमा हिँड्दा गर्मी र पानीबाट बच्न छाताको करङ्ग ओडेर मात्रा हुँदैन, गर्मी र पानी छल्न सक्ने कपडाले ती छाताको करङलाई पनि ढाकेको हुनुपर्छ अनि मात्र हामी गर्मी र पानीबाट शरीरलाई सुरक्षित गर्न सक्छौं। नेपाल आमाको छाता यति बेला तिम्रो हातमा छ, निर्णय पनि तिम्रै '।

अन्त्यमा विश्वमा महामारीको रुपमा संकट पैदा गरिरहेको कोरोनाको डर सबै देश र नागरिकलाई छ। डराउनु कमजोर हुनु होइन यति बेला सचेत हुनुपर्छ। संकटको बेला राज्य शक्तिशाली भन्दा बलियो नै हुनुपर्दो रहेछ अनि नागरिक अनुशासित।

## प्रविधिमैत्री बन्दै झापाली शिक्षक


धर्मेन्द्र मामा

विद्यालय बन्द भएको पनि एक महिनाभन्दा बढी भइसक्यो। विद्यालयहरुले वार्षिक परीक्षाको मूल्यांकन गरिसक्न पाएका छैनन्। सबै विद्यालय बन्द छन्। यस अवस्थामा शिक्षकहरु चाहिँ के गरिरहेका छन् होला। कतिलाई लाग्न सक्छ शिक्षकहरु घरमा मस्त बसिरहेका छन्। कामै नगरी तलव पकाएका छन् भन्ने पनि भ्रम परिरहेको हुन सक्छ।

तर, शिक्षकहरु त्यसै बसिरहेका छैनन्। यो बन्दको अवधिलाई भरपुर रुपमा अवसरको रुपमा प्रयोग गरिरहेका छन्- झापाली शिक्षकहरु। गरमकाली आधारभूत विद्यालयका शिक्षक रामप्रसाद पराजुलीले यही अवधिमा कम्प्युटर चलाउन सिके। उनी भन्छन्- मैले वर्ड, पावर पोइन्ट र एक्सल चलाउन भरपुर रुपमा सिक्ने अवसर पाएँ। त्यतिमात्र होइन कक्षाकोठामा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरु पनि प्रविधिको प्रयोग गरी कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा पनि सिके।

दुर्गा मावि गरामनीका शिक्षक निकुञ्ज शर्मा अहिले प्रदेश सरकारद्वारा सञ्चालित आइसीटी तालिममा व्यस्त छन्। अब उनी चाँडै प्रदेशस्तरीय शिक्षकको तालिममा सहभागी हुँदैछन्। भृकुटी मावि दुर्गापुरका शिक्षक चण्डिका आचार्य का लागि पनि यो बन्द उपयोगी बन्यो। उनी निरन्तर आइसीटी सम्बन्धी अनलाइन तालिममा सहभागी भइरहेका छन्। केही महिनाअघि मात्र शिक्षक सेवा आयोग उत्तीर्ण गरी ताप्लेजुङमा नियुक्ति भएका शिक्षक केशव उप्रेती अहिले आइसीटी सम्बन्धि तालिमहरुमा व्यस्त छन्। आफूले केही कुरा जानेको भए पनि यस्ता कोर्षहरुबाट धेरै कुरा सिक्ने अवसर पाएको उनी बताउँछन्।

ढुकुरपानी माविका पूर्व प्रधानाध्यापक समेत रहेका शिक्षक रघुनाथ भट्टराईको लागि यो अविस्मरणीय अवसर बन्यो। कम्प्युटर सम्बन्धी त्यति धेरै ज्ञान नभएको हुनाले धेरै कुरा सिक्ने मौका पाएँ। झापाली शिक्षकहरु शैक्षिक सत्रको शुरु हुनु अगावै प्रविधितर्फ बढी उन्मुख भएको पाइएको छ। सरकारी विद्यालयका साथसाथै निजी विद्यालयका शिक्षकहरु पनि अहिले सिक्ने र सिकाउने कार्यमा तल्लीन छन्। बिर्तामोड स्थित न्यूटन एजुकेशन एकाडेमीका शिक्षक जेनी राई र संगीता बस्नेत बन्दको समयलाई भरपुर उपयोग गरिरहेका छन्। उनीहरु देशका विभिन्न भागबाट सञ्चालन गरिएका अनलाइन तालिममा सहभागी भएका छन्।

शिक्षकहरुको सिकिरहेका मात्र छैन कतिपय सिकाउने कार्यमा पनि उत्तिकै सक्रिय भएको पाइन्छ। जनजागृति मावि गोलधापका शिक्षक टीकाप्रसाद सुवेदी झापाकै एक नाम चलेका आइसीटी प्रशिक्षक हुन्। उनी दैनिकजसो आइसीटी सम्बन्धी अनलाइन कक्षाहरु सञ्चालन गरिरहेका छन्। सुवेदी संगै शनिश्चरे माविका प्रधानाध्यापक चेतामणि खनाल, हिमालय मावि दमकका शिक्षक बालकुमार रेग्मी, सिंहदेवी मावि दमकका शिक्षक घनश्याम अधिकारी, रारआमावि दूधेका नारायण भट्टराई लगायत प्रशिक्षकहरुको दिनचर्या अहिले अनलाइन तालिम सञ्चालनमा व्यस्त छ। विशेषगरी प्रविधिमैत्री शिक्षक समाज र अंग्रेजी शिक्षकहरूको संस्था नेलटा जस्ता संस्थामा आबद्ध शिक्षकहरु सिक्ने र सिकाउने क्रममा जागरूक देखिन्छन्। कतिपय शिक्षकहरु उही परीक्षा दिन बसेका बिद्यार्थीहरुका लागि कक्षा अनलाइनमार्फत सञ्चालन गरिरहेका छन् भने फेसबुक र ह्वाट्सएप जस्ता मिडियाको प्रयोग गरी पाठ्य सामग्रीहरु विद्यार्थीसम्म पुऱ्याउन लागीपरेका छन्।

कोरोनाभाइरसको कारण देश लामो समयसम्म लकडाउनमा रहने देखिन्छ। त्यसमा पनि शैक्षिक संस्थाहरु को अन्यौल अझ बढेर गएको छ। यस अवस्थामा शिक्षकहरुले वर्तमान प्रविधिको प्रयोग गरी विद्यार्थीसम्म पुग्न प्रविधिमैत्री हुनैपर्ने बाध्यता सृजना भएको छ। यसैलाई मध्यनजर गरी झापाली शिक्षकहरु प्रविधिसँग मितेरी गाँस्न थालेका हुन्।

अन्तर्राष्ट्रिय समाचार

# 'खोप सबैका लागि उपलब्ध हुनुपर्छ'

**झापा, बैशाख १३।** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले कोरोना भाइरस 'कोविड १९' को खोप विश्वका सबै नागरिकका लागि उपलब्ध हुनुपर्ने बताएका छन्।

उनले शुक्रबार ट्वीट गर्दै भनेका छन्- यो कुनै एक देश वा क्षेत्र विशेषका लागि होइन कि संसारमा सबै मानिसले उति नै दु:ख पाएकोले यो खोप विश्वका सबै देशका लागि शुलभ हुनुपर्दछ।

यो खोप विश्वका सबै नागरिकले उपभोग गर्न पाउने सार्वजनिक वस्तुजस्तै हुनुपर्ने उनको जोड छ। विश्वका केही देशले पछिल्ला केही दिनयता यो खोप मानिसमा परीक्षण गरेको भन्ने समाचार आएपछि महासचिव एन्टोनियो गुटर्रेसको यो भनाइ आएको हो।

यो कोरोना भाइरसको प्रकोपका विरुद्ध खोप निर्माणको प्रतिस्पर्धा विश्वमा भइरहेकोमा दुई दिनअघि बेलायत र संयुक्त राज्य अमेरिकाले यो खोपको परीक्षण मानिसमा शुरु भएको बताएका थिए।

बेलायतमा कोरोना भाइरस खोपको परीक्षण शुरु गरिएको समाचार बिहीबार मात्र सार्वजनिक भएको थियो। बेलायतले अक्सफोर्डमा मानिसमा कोरोनाभाइरस खोपको पहिलो परीक्षण शुरु गरिएको समाचार आएको थियो।

उनले सो ट्वीटमा भनेका छन्- अहिलेको सम्पूर्ण विश्वले नै यो कोभिड-१९को महामारीबाट मुक्ति चाहन्छ। मलाई लाग्छ यो नै संसारको जनस्वास्थ्यकै सबैभन्दा ठूलो उपलब्धि हुनेछ। महासचिव गुटर्रेसले विश्वव्यापी चासोको विषय भएकोले यस सम्बन्धी तथ्यहरु सार्वजनिक गर्नुपर्ने र संसारका मानिसले पनि यसलाई औषधिका रुपमा प्रयोग गर्ने अधिकार राख्ने पनि बताएका छन्।

उनले यस्तो विश्वव्यापी जनचासोको तथा नागरिकको जीवनसँग जोडिएको स्वास्थ्यको विषय भएकोले विश्वका सबै नागरिकलाई पनि ठूलो उपलब्धिको विषय भएको बताएका छन्।

उनले यो नयाँ प्रयासले विश्वका नेताहरु, निजी क्षेत्र तथा सरकारी निकाय तथा क्षेत्रहरु, वैज्ञानिक तथा मानवीय सहायतामा कामगर्ने विश्वका अधिकारकर्मी तथा नागरिक एवं विश्वमा जनस्वास्थ्यका क्षेत्रमा काम गर्ने सबैलाई एकै ठाउँमा ल्याएको पनि बताए।

उनले यो प्रयासका लागि विश्वका नेताहरुलाई धन्यवाद पनि दिएका छन्। विश्वव्यापी रुपमा फैलिएको यो कोभिड-१९को महामारीका विरुद्धमा एक भएर लड्न पनि उनले सबैलाई आह्वान गरेका छन्।

यसैबीच कोरोनाभाइरसका बिरुद्ध खोप निर्माण गरेर पहिलापटक परीक्षण गरिएको समाचारमा जनाइएको छ। यस खोपको अध्ययनको लागि चयन गरिएका ८०० भन्दा बढी स्वयम्सेवकमध्ये दुई जनाबाट त्यसको शुरुवात गरिएको बताइएको थियो।

गएको तीन महिनाभित्रै यो खोप अक्सफोर्ड विश्वविद्यालयको एक टोलीले तयार पारेको बताइएको छ। सो अनुसन्धान टोलीको प्रमुखका रुपमा जेनर इन्स्टीच्युटका खोप विज्ञानकी प्राध्यापक सारा गिल्बर्टले प्रि-क्लिनिकल अध्ययनहरूको नेतृत्व गरेर सो खोपको परीक्षणका लागि सार्वजनिक गरेको बताइएको छ।

उक्त खोप दिनका लागि स्वयम्सेवकहरु छनोट गरिएको र आधाजसोलाई यो कोविड १९को खोप दिइने बताइएको छ। तीमध्येका आधालाई यसको नभएर मेनिन्जाइटिस्को खोप दिइने बताइएको छ।

उनीहरुलेमध्येका आधाजति स्वयमसेवकहरूले आफूले कुन खोप लगाएको हो भन्ने बारेमा पनि थाहा नपाउने गरी यसको परीक्षण थालिएको चिकित्सकहरुले जनाएका छन्।

# पाकिस्तानमा लकडाउन मे९ सम्म

**पाकिस्तान, बैशाख १३।** पाकिस्तानमा लागू गरिएको लकडाउनको अवधि थप गरिएको छ।

कोरोना भाइरसको संक्रमण फैलिने क्रम नरोकिएकाले लकडाउनको अवधि थप गर्नु परेको सरकारी अधिकारीहरुले बताएका छन्। पाकिस्तानी सरकारले आगामी मे९ तारिखसम्मका लागि लकडाउन लागू भइरहने घोषणा शुक्रबार गरेको हो।

केन्द्रीय योजना तथा विकास मन्त्री असद उमराले राष्ट्रिय नियन्त्रण केन्द्रले लकडाउनको समयावधि बढाउने निर्णय गरेको जानकारी दिए।

देशव्यापी लकडाउन लागू भइरहेको पाकिस्तानमा शुक्रबारसम्म कोरोना भाइरसबाट संक्रमित हुनेहरुको संख्या ११ हजारभन्दा बढी भएको छ। सरकारी अधिकारीहरुका अनुसार संक्रमित हुनेहरुको कूल संख्या ११ हजार ६५२ रहेको छ। त्यसैगरी देशभरी कोरोना भाइरसका कारण २४२ भन्दा बढीको मृत्यु भएको पनि सरकारी अधिकारीहरुले जनाएका छन्।

कोरोना भाइरसबाट सवैभन्दा धेरै पञ्जाव प्रदेश प्रभावित भएको छ। त्यहाँ चार हजार ८५१ जना संक्रमित भेटिएका छन्। महामारीविरुद्धको कतिपय मापदण्डहरुलाई पाकिस्तानमा कतिपय व्यक्तिहरुले बेवास्ता गरेको पाइएको छ।

शनिबारदेखि इस्लाम धर्मावलम्वीहरुको एक महिने रमजान पर्व समेत शुरु भएकाले मुस्लिम समुदायको बाहुल्यता रहेको पाकिस्तानमा थप सतर्कता अपनाउन आह्वान गरिएको छ।

# झुस्ले किराले अलैंची सखाप



**ताप्लेजुङ, बैशाख १३।** झुस्ले किराको कारणले ताप्लेजुङका अलैंची किसानहरु समस्यामा परेका छन् ।

सुख्खा समयमा फागुन, चैत, बैशाख र जेष्ठसम्म अत्याधिक अलैंची बगानमा र उतीसको रुखमा देखा पर्ने एक प्रकारको विषालु झुस्ले किराको कारणले अलैंची बगानमा बस्न समस्या परेको अलैंची कृषक इन्द्रलाल हेल्लोक बताउँछन् । समूह बनाएर बस्ने हिँड्ने दिउँसो जमिनमा बस्ने घाम अस्ताएपछि दाँती लागरे उतिसको रुखमा चड्रेर रुखको पात खाने गर्दछ ।

यस्तो झुस्ले किराको रौं निकै विषालु भएकाले शरीरमा पर्न वितीकै पोल्ने चिलाउने र दुख्ने साथै घाउ समेत हुने स्थानीय कृषक हेल्लोकले बताए ।

ज्येष्ठ परिर्वतन हुने र त्यो पुतली घरमा बालेको बत्तीमा आउनुने फेरी अर्को दुःख दिने गरेको स्थानीय जीवन हेल्लोकले जानकारी दिए । अहिले कृषकलाई घाँस बर्खे दाउरा जोहो गर्ने समय हो । जोखिम मोलेरै बर्खे जोहोको लागि घाँस दाउरा जम्मा गरेको स्थानीय चन्द्र केदेमले बताए ।

# रोङ बाहिर हुनेले १६ पछि मात्र घर फर्कन पाउने

**गणेश अर्याल**

**इलाम, बैशाख १३।** इलामको रोङ गाउँपालिकाले जिल्ला बाहिर रहेका रोङबासीलाई ल्याउने काम आगामी बैशाख १६ गतेपछि मात्रै शुरु गर्ने भएको छ ।

गाउँपालिकामा बसेको सर्बपक्षीय बैठकले आगामी १६ गते पछि मात्रै ल्याउने गरी आवश्यक तयारी गर्ने निर्णय गरेको हो । बैठकमा प्रदेशसभा सदस्य काजीमान कागतेले आगामी बैसाख १५ सम्मको लागि हालको अवस्थामा लकडाउन कायम रहेकाले त्यसपछि नागरिक फर्काउन उजित हुने हुने सुझाब दिएपछि बैठकले सोही अनुसारको तयारी गर्ने गरी निर्णय गरेको गाउँपालिका वडानम्बर १का वडाध्यक्ष बुद्धिबहादुर ढकालले बताए ।

बैठकमा नेकपा रोङका अध्यक्ष बृहस्पति खतिवडा, नेपाली कांग्रेस रोङ सचिब एगा अर्याल, जिल्ला समन्वय समिति इलामका सदस्य चन्द्र मगर, नेपाल पत्रकार महासंघ इलामका उपाध्यक्ष सुजन तिम्सिनासहित बिभिन्न वडाका अध्यक्षहरु उपाध्यक्षसहित कार्यपालिका सदस्यहरुको सहभागिता रहेको थियो ।

बैठकमा प्रमुख प्रशासकीय अधिकृत प्रदीप गौतमले जिल्ला समन्वय समिति इलामको संयोजनमा शुक्रबार इलामका सबै स्थानीय तहको प्रतिनिधिहरुको बैठकले गरेको निर्णय पढेर सुनाएका थिए ।

जिल्ला समन्वय समितिको बैठकले हाललाई जिल्ला बाहिरका नागरिक जिल्लामा नल्याउने निर्णय गरेको थियो । गाउँपालिकाको तथ्याङ्क अनुसार नेपालका बिभिन्न जिल्लामा रहेकामध्ये करिब एक सय जनाको हाराहारीमा रोङ फर्कन चाहेको वडागत तथ्याङ्कले देखाएको छ । त्यसैगरी गाउँपालिकाले संकलन गरेको बिवरण अनुसार नेपाल बाहिर एक हजार एक सय ६२ जना रहेको गाउँपालिका उपाध्यक्ष चन्द्रकला राईले बताइन् ।

हालको लागि रोङ फर्कन चाहनेहरुलाई ल्याएर १४ दिनसम्म क्वारेन्टाइनमा अनिबार्य रुपमा राखेर मात्रै घर जान दिने गाउँपालिकाको योजना रहेको छ । त्यसको लागि कुटीडाँडा, मझुवा, बहुबन, नाखोपा लगायतको क्षेत्रमा क्वारेन्टाइनको तयारी भइरहेको छ । यसअघि पनि बिभिन्न क्षेत्रबाट आएकाहरुलाई क्वारेन्टाइन बनाएर राखेको अनुभवको आधारमा काम गर्न सजिलो भएको गाउँपालिकाका अध्यक्ष शम्शेर राईले बताए ।

यसैबीच रोङ गाउँपालिका स्वास्थ्य शाखाले इलाम जिल्ला प्रवेशद्वार जोरकलशमा कोरना भाइरस चेकको लागि हेल्थ डेक्स सञ्चालनमा ल्याएको छ । हेल्थ डेस्कबाट थर्मलगनको माध्यमबाट ज्वरो नाप्ने तथा आवश्यक सल्लाह सुझाव प्रदान गरिने रोङ स्वास्थ्य शाखाका प्रमुख नेत्रप्रसाद पोखेलले बताए ।

# सांसद साँवाद्वारा २०० जनालाई घर पठाउन सहजीकरण



सांसद साँवा

**काठमाडौं, बैशाख १३।** झापा निर्वाचन क्षेत्र नम्बर ४ प्रतिनिधिसभाका सांसद एलपी साँवा लिम्वूले एक महिना लामो लकडाउनका कारण काठमाडौंमा वेहाल भएका दुई सयलाई उद्धार गरेर झापा पठाएका छन् ।

अस्पतालमा उपचारका लागि गएका, बिद्यार्थी र भ्रमणमा रहेका झापा निर्वाचन क्षेत्र नम्बर ४का उनीहरुलाई सांसद साँवाले झापा पठाएका हुन् । सांसद साँवाका स्वकीय सचिव सिकीन पासवानका अनुसार ६ वटा सार्वजनिक यातायातका बसमा दुई सय जना झापा आउँदैछन् ।

सांसद साँवाले काठमाडौंका विभिन्न क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीलाई पनि उद्धार गरेका छन् । बन्दाबन्दीका कारण बेखर्ची बनेका उनीहरुलाई स्थानीय पालिकाको समन्वयमा सांसद साँवाले उद्धार गरेका थिए । झापा गाउँपालिका, शिवसताक्षी नगरपालिका, कनकाई नगरपालिका, गौरादह नगरपालिका वडा नम्बर ९ र गौरीगञ्ज गाउँपालिका वडा नम्बर १ र २का उनीहरु सांसद साँवाको सक्रियतामा घर आउन पाएका छन् । घर आएकामध्ये झापा गाउँपालिकाका धेरै छन् ।

साँसद साँवाको उद्धार कार्यमा रोषन लिम्बू, कमल सापकोटा, मिलन कट्टेल, बेदु उप्रेती, गोविन्द भारती लगायतले सघाएका थिए । काठमाडौबाट उद्धार भएका अधिकांश सामाजिक सञ्जाल फेसबुकको स्ट्याटसबाट जोडिएका थिए । सांसद साँवाले झापावासीको अभिभावकत्व ग्रहण गरेको उद्धार भएकामध्ये एकले बताएका छन् ।

झापा गाउँपालिकाका बिद्यार्थी अमित विष्टले भने- 'पटक-पटक घर जान हामीले प्रयास गरेका थियौं । पैदल सम्भव थिएन । यातायातका साधन लकडाउनले चल्न सकेका थिएनन् । साँसद साँवाले हाम्रो उद्धार गर्नुभयो ।' सांसद साँवाले काठमाडौमा बेखर्ची बनेका झापा निर्वाचन क्षेत्र नम्बर ४का उनीहरुलाई निःशुल्क झापा ल्याउने तयारी गरेका थिए । तर, अपेक्षा गरेभन्दा धेरै घर फर्कने भएपछि साविककै भाडा दरमा यातायात व्यवसायीले सर्वसाधरणलाई स-शुल्क घर ल्याएका हुन् । सांसद साँवाले जिल्ला प्रशासन कार्यलय झापा, काठमाण्डौ र झापा निर्वाचन क्षेत्र नम्बर ४का स्थानीय सरकारसँगको समन्वयमा एक महिनादेखि काठमाडौमा अलपत्र बनेका झापाली घर आएका हुन् ।

झापा निर्वाचन क्षेत्र नम्बर ४का अझै २ सय ५० जना काठमाडौमा घर फर्कने तयारीमा छन् । यातायातका साधन नपाएका कारण पहिलो चरणमा २ सय पठाइएको सांसद साँवाले बताएका छन् । उनीहरु पनि सोमबारसम्ममा घर पुग्ने गरी तयारी भइरहेको सांसद साँवाले बताए ।

# दुःखीका घरमा सन्तोष

**विनोद सापकोटा**



**झापा, बैशाख १३।** कोरोनाभाइरस ( कोभिड १९)को लकडाउनका कारण सरकारले दिने राहतको छनौटमा नपरेका शिवसताक्षी नगरका विपन्न परिवारलाई स्थानीय सन्तोष थोप्राले घरैमा पुगेर राहत प्रदान गरेका छन् ।

थातथलो नगर बाहिर रहेका शिवसताक्षी नगरमा ज्याला मजदुरी गरी जीविकोपार्जन गरिरहेका परिवारलाई थोप्राले राहत प्रदान गरेका हुन् । राहत पाउने लाभग्राहीको पारिवारिक अवस्था उनले अघिल्लो दिन गाउँमा पसेर संकलन गरेका थिए ।

'ह्युमेनिटी नेपाल' नामक संस्थाका प्रमुख हुन् थोप्रा । उनी लायन्स क्लव अफ शिवसताक्षीको पनि अध्यक्ष हुन् । ०७२ सालको भुकम्प, बाढी पहिरो लगायतका विपद्मा उनले यसअघि पनि मुलुकका कुना-कुनामा पुगेर राहत वितरण गर्ने गरेका थिए ।

सडक बालबालिका, बेसहारा र अतिविपन्न वर्गका मानिसको उनले उद्धार र पुर्नस्थापना गर्न थालेको एकदशक भयो । मुलुकका जुनसुकै कुनामा पुगेर पनि उनले अप्ठेरोमा परेका नेपालीको उद्धार गर्ने गरेका छन् । कोरोना नामक भाइरसका कारण मुलुक बन्दाबन्दी भएको ३३ दिन भयो । कोरोनाको कहरमा परेका कयौ विपन्नवर्गको अवस्था दयनीय बनेको भन्दै उनले राहतका कार्यक्रम अघि सारेको बताए ।

'दिनमा १०देखि १५ वटासम्म फोन आउँछ । सबैको फोन राहतका लागि नै हुन्छ । यसअघि पनि लायन्स क्लव शिवसताक्षीले प्रतिवडाका १५ परिवारलाई राहत प्रदान गरेको थियो । सरकारले राहतका लागि एकद्वार प्रणाली अपनाएको छ । कतै स्थानीय सरकारलाई बाइपास गरेर राहत बाँड्यो भन्ने आरोप आउँछ कि भनेर शिवसताक्षी नगरपालिकासँग समन्वय गरे । नगरपालिकाको अख्तियारीपछि ३५ घरका परिवारलाई राहत वितरण गरेको हुँ'- उनले भने । २५ घरका परिवारलाई शुक्रबार र बाँकी १० घरका परिवारलाई शनिबार राहत वितरण गरेको उनले बताए ।

थोप्राको अभियानलाई शिवसताक्षीका युवा तपन गुरुङ, शक्तिमान थाम्सुहाङ र मोहन तामाङले सघाएका थिए । विपन्नवर्गका घरैमा पुगेर भकारी र चुल्हो हेरेपछि मात्र राहतका लागि योग्य हुन् वा होइनन् भन्ने निर्क्यौल उनीहरुले गरेका थिए । कतिपयको घरमा हप्ता दिनदेखि चुल्होमा आगो नबलेको उनीहरुले देखे ।

लाभग्राहीले उनीहरुलाई भन्थे- 'सर राहत कहिले आउँछ ?' उनीहरुले राहतका लागि हामी आएको होइनभन्दा विपन्न परिवारका मानिसको अनुहारमा देखिएको चमक त्यसै हराएको उनीहरुले देखे । अभियानका सदस्य शक्तिमान थाम्सुहाङ्गले भने- 'यस्तो अवस्थाका परिवारलाई राहत दिन ढिला गर्नुहुन्न भनेर शुक्रबारदेखि नै शुरु गरिएको हो ।'

सन्तोषले दिएको राहत गोरे मोचीले पनि पाएका थिए । २ हप्तादेखि उनले खाना खाएका थिएनन् । चाउचाउमा दिन रात कट्दै थियो । 'सरकारले राहत दिएन'- उनले भने- 'किन्न जाउँ गोजीमा पैसा रित्तिएको छ । उधारो कसैले पत्याउँदैन । आजदेखि आँत मर्ने गरी खाना पकाएर खान्छु ।'

गोरे जुत्ता चप्पल सिलाउने र पोलिस गर्ने काम गर्छन् । लकडाउनले बजार बन्द भएपछि उनको आम्दानीको बाटो पनि बन्द भएको छ । गोरे जस्तैका परिवारलाई सन्तोषले राहत दिएका हुन् । सन्तोषले गोरे बसेको कोठाको मुलदैलोमा शुक्रबार राहतका सामग्री भएको पोको राखिदिए । अनि भने- 'घरमा को हुनुहुन्छ हजुर ?' भित्रबाट गोरे बाहिर निस्किए र भने- 'यो कस्ले ल्याएको ?' सन्तोषले भने- 'तपाईको चामल नभएकै कारण खाना नपाएको दुई हप्ता भएको हामीले बुझ्यौं र तपाईलाई चामल, दाल, नून, तेल र हात धुने साबुन ल्याइदिएका छौं । सकिएपछि खबर गर्नुहोस् है ।'

थोप्राले राहत पाउने लाभग्राहीसँग तस्वीर खिच्न इन्कार गरे । उनले भने- 'पीडित भनेर तस्वीर खिचाउने अनि सामाजिक सञ्जाल लगायतका सञ्चारमाध्यममा राखेर प्रकृतिले पीडित बनाएकालाई थप पीडा दिन हुँदैन ।' नेपाल रेडक्रस सोसाइटी शिवसताक्षीका सचिव गोविन्द काफ्लेले सामाजिक काम कसैले गर्नुछ भने सन्तोषबाट सिक्नुपर्ने बताए ।

# ओडारमा हतियार बरामद

**संखुवासभा, बैशाख १३।** संखुवासभा सभापोखरी गाउँपालिका-१को सुनखानी सामुदायिक वनको ओडारमा प्रहरीले बेवारिसे हतियार बरामद गरेको छ ।

सभापोखरी-१ सुनखानी सामुदायिक वनको ओडारबाट दुई थान टुवेलवोर हतियार फेला परेको संखुवासभाका प्रहरी प्रमुख डीएसपी मिम लामाले जानकारी दिए । धुपु प्रहरी चौकीले कालो प्लाष्टिक बेरिएको अवस्थामा दुई थान हतियार बेवारिसे अवस्थामा फेला पारेको हो ।


उज्यालो यातायात प्रा.लि.
९८६०३६२५३५
९८१४०८८९९६
बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउँ जानको लागि सम्झनुहोस् ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
झापामै सबैभन्दा ठूलो ब्याकुम सिस्टमको ट्याकीबाट सफाई गरिन्छ ।

बिना अपरेशन सफल उपचार
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४


## वर्गीकृत विज्ञापन


सुवर्ण अवसर
नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ । तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

आवश्यकता
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५


### हिजोको सूनचाँदीको भाऊ

| | |
|---|---|
| छापावाला सुन | ७७,०००।- |
| तेजावी सुन | ७६,७००।- |
| असल चाँदी | ७२५।- |


कोरियन भाषामा विशेष छुट
दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।
Divine Int'l Acadamy (Dia)
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

डाक्टर आउने बारेको सूचना
डा. पवन पराजुली NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । नसोचेको अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** भाग्यले विभिन्न अवसर दिनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । बोलीको प्रभाव बढ्ला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** शुभचिन्तकहरूले साथ दिनाले पहिलेको चुनौति समाप्त होला। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । धेरैले आफ्ना कामको तारिफ गर्नेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइने । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुपर्ला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** शुभचिन्तकहरूले केही आशा जगाउनेछन् । तर, अरूको भरपर्दा काम अधुरो रहनेछ । सोचेको समयमा काम नबन्न सक्छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा ध्यान पुऱ्याउनुहोला । मेहनतले स्थितिमा सकारात्मक परिवर्तन ल्याउनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** नैतिक संकटले सताए पनि प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् । छोटो समयमा फाइदा उठाउन सकिनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । उपहारले काममा उत्साह जगाउला । मित्रता र प्रेमको बन्धन कसिनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अतिथिको रूपमा सत्कार प्राप्त हुनेछ । सुख-दुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । परिवारजनको साथले उत्साह जगाउनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** पुरुषार्थले प्रतिस्पर्धीहरूको मनोबल कमजोर पार्न सकिनेछ । पहिलेका दुश्मनहरूले समेत मित्रताका हात अघि बढाउनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ ।